सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ८ ♦ अंक १८२ ♦ २०८१ साल माघ २८ गते सोमवार ♦ 10 Feb 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## नदीजन्य पदार्थको अवैध दोहन आशंकामा क्रसरमा मुख्यमन्त्रीको छापा

**खबर दर्पण समाचारदाता**

**माघ २७ गते, जनकपुरधाम**

नदीजन्य पदार्थको अवैध तथा अनुचित दोहनविरुद्ध मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले ढुङ्गा, गिट्टी र बालुवा उत्खनन् र त्यसको प्रयोगस्थलको अनुगमन तीव्र पारेका छन् ।

मुख्यमन्त्री सिंहले आइतबार साँझ धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिका वडा नम्बर ७ पोर्ताहास्थित कमलामाई क्रसर उद्योग तथा कमलामाई बालुवा प्रशोधन उद्योगको निरीक्षण अनुगमन गरेका हुन् ।

कमला र वरपरका अन्य खोलाबाट जथाभावी र गैर कानुनी ढङ्गबाट उत्खनन् भएको ढुङ्गा, गिट्टी र बालुवा प्रयोग गणेशमान चारनाथ नगर पालिकाका विभिन्न क्रसर उद्योगहरूले गरिरहेको जानकारी प्राप्त भएपछि मुख्यमन्त्री सिंहले धनुषाका प्रहरी प्रमुख एवम् प्रहरी उपरीक्षक भुवनेश्वर तिवारी सहितको टोलीसँग क्रसर उद्योग अनुगमन गरेका हुन् ।

मुख्यमन्त्री सिंहले उद्योगमा सञ्चित रहेको ढुङ्गा, गिट्टी र बालुवाको स्रोत तथा तिनको वैधता प्रमाणीकरण नहुँदासम्म ओसारपसार नगर्न निर्देशन दिएका छन् । मुख्यमन्त्री सिंहले सोमबार स्थानीय तहसँग छलफल र अन्य प्रमाणीकरणका विषय टुङ्गो लगाएर मात्र क्रसर सञ्चालन गर्न दिइने जानकारी दिए ।

मुख्यमन्त्री सिंहले कमलामाई क्रसर उद्योगमा पुगेर क्रसर उद्योगको दर्ता, नवीकरण, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, ढुङ्गा, गिट्टी र बालुवाको परिमाणात्मक सञ्चिति, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा उल्लेखित मापदण्डअनुसारका ठाउँमा खोला खनिएको वा नखनिएको, खोला खन्दाको ठाउँ र गहिराइ, परिणाम, सञ्चिति प्रमाणीकरण लगायतका विषयमा जानकारी लिएका छन् ।



कमला खोलाबाट वर्षौंदेखि भइरहेको नदीजन्य पदार्थको अवैध उत्खनन्का कारण नदी प्रणालीमा प्रतिकूल असर परेको छ । क्रसर उद्योगले जेसिभीलगायत उपकरणबाट जथाभाबी र ठूलो परिमाणमा खनिएका नदीजन्य पदार्थ स्थानीयका ट्याक्टरमार्फत क्रसर उद्योगसम्म ओसार्ने गरेका छन् ।

कमलामाई क्रसर बेचन शर्मा स्वामित्वको उद्योग हो । क्रसर उद्योगहरूले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनअनुसार वृक्षरोपण, स्थानीयको जीविकोपार्जन तथा चेतना उन्नयनका लागि काम गर्दैनन् ।

धनुषालगायत जिल्लामा वालुवा प्रशोधन केन्द्रको अनुमति लिई क्रसर उद्योगहरू सञ्चालनमा छन् । अधिकांश क्रसर उद्योग मापदण्डविपरीत वनक्षेत्र, स्वास्थ्यसंस्था, पुलपुलेसा आदिबाट नजिक राखिएका छन् । मुख्यमन्त्री सिंहले कमला खोलामा अवैध उत्खनन् भएको स्थलमा समेत अनुगमन गर्नेछन् ।

## जनकपुरमा समाजिक संजाल सम्बन्धी विद्येयकको विरुद्ध मसाल जुलुस प्रदर्शन

**खबर दर्पण समाचारदाता**

**माघ २७ गते, जनकपुरधाम**

सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक विरुछ्द्ध जनकपुर मा युवाहरुले प्रदर्शन गरिएको छ ।

मधेस प्रदेश राजधानी जनकपुर को रामानन्द चोकमा आज साँझ मसाल जुलुस सहित युवाहरुले प्रदर्शन गरेको हो। जुलुसमा सहभागीहरुले विभिन्न नाराबाजी गर्दै विद्येयक फिर्ता लिनुपर्ने माग उठाएका छन् ।

अखिल क्रान्तिकारी राजर्षी जनक विश्वविद्यालय, रा.रा.ब क्याम्पस र धनुषा जिल्ला समितिको संयुक्त आयोजनामा मसाल जुलुस निकालिएको हो ।

जुलुसमा सहभागीहरुले विधेयकप्रति आपत्ति जनाउँदै यसको हरेक बुँदाहरुमा सजाय र जरिवानाको व्यवस्था रहेकोले यसले नागरिक स्वतन्त्रताको हनन गर्ने बताए । उनीहरुले सञ्चार मन्त्री विरुद्ध नाराबाजी गर्दै विधेयक फिर्ता लिन चेतावनी समेत दिएका छन् ।

यो विद्येयकले नागरिकहरूको अभिव्यक्ति स्वतन्त्रतालाई खोक्राउने उनीहरुको भनाई छ ।

उनीहरूले यो विधेयकले सामाजिक सञ्जालमा नागरिकहरूको स्वतन्त्रतालाई सीमित गर्ने र सरकारले आफ्नो विरोधीलाई दमन गर्ने हतियारको रूपमा प्रयोग गर्न सक्ने बताएका छन् ।



युवाहरूले सरकारलाई नागरिकहरूको आवाज सुन्न र यो विधेयक फिर्ता लिन आग्रह गरेका छन्। उनीहरुले यो विधेयकलाई लोकतन्त्र र मानव अधिकार विरोधी बताउँदै यसको विरोधमा आन्दोलन जारी राख्ने चेतावनी समेत दिएका छन्।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- Endosocopy/Diode Laser सेवा
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.

मेनरोड बर्दिबास, महोत्तरी

०४४-५५०२५५



# महोत्तरीमा पालिका स्तरिय प्रधानमन्त्रि कप पुरुष छनौट क्रिकेट प्रतियोगिता २०८१ आज देखि शुरु हुँदै

**खबर दर्पण समाचारदाता**
**माघ २७ गते, बर्दिवास**



महोत्तरी जिल्ला पालिका स्तरिय प्रधानमन्त्रि कप पुरुष छनौट क्रिकेट प्रतियोगिता २०८१ सोमबारदेखि शुरु हुने भएको छ ।

जिल्ला क्रिकेट संघ महोत्तरीले आईतबार नेपाल पत्रकार महासंघ महोत्तरी शाखामा पत्रकार सम्मेलनको आयोजना गरि सोमबारदेखि महोत्तरी जिल्ला पालिका स्तरिय प्रधानमन्त्रि कप पुरुष छनौट क्रिकेट प्रतियोगिता २०८१ आयोजना हुन गई रहेको जानकारी दिएका छन ।

जिल्ला क्रिकेट संघ महोत्तरी अध्यक्ष रौशन सिंहले सो क्रिकेट प्रतियोगितामा जिल्लाका ७ पालिका र थप एक टिम सहित ८ वटा टिम सहभागिता जनाउने जानकारी दिनु भएको छ ।महोत्तरी गाउँपालिका स्थित रगशालामा हुन गई रहेको सो प्रतियागितामा महोत्तरी गाउँपालिका, भंगहा नगर पालिका, मटिहानी नगरपालिका, जलेश्वर नगरपालिका, बलवा नगरपालिका, लोहारपटि नगर पालिका र महोत्तरी जिल्ला ११ टिमका खेलाडीहरुले प्रतिस्पर्धा गर्ने जनाइएको छ ।

सो क्रिकेट खेल ओडीआई फर्मेटमा हुने जिल्ला क्रिकेट संघ महोत्तरीका अध्यक्ष सिंहले बताउनु भएको छ ।स्थानिय पालिकाहरुबाट सहयोग रकम संकल्न आयोजना हुन गई रहेको गरि सो खेलमा १५ लाख बरावर खर्च हुने अनुमान आयोजनाको रहेको छ ।पत्रकार सम्मेलनमा महोत्तरीको १५ पालिका मध्ये कतिपय पालिकाहरु खेलमा लगानी गर्न उदासिन देखिएकै कारण १५ वटै पालिकाको खेलाडीहरु खेलमा सहभागि गराउन नसकेकोमा क्रिकेट संघ महोत्तरी अध्यक्ष सिंहले दुःख व्यक्त गर्नु भयो ।

'भौतिक विकासको नाउमा लाखौं खर्च गर्न पछि नपर्ने पालिकाहरु खेलको नाउँमा खर्च गर्न नाथरीका वहाना वनाउने गर्दछ । क्रिकेट संघ महोत्तरी सिंहले भन्नु भयो ।' खेल क्षेत्रमा लगानी नगर्न चाहेकै कारण महोत्तरीका अधिकांस पालिकामा खेल मैदान रहेको छैन । सडक पुल पुलेसा बनाउनु मात्र विकास होईन , खेल क्षेत्रलेपनि ठाउँ चिनाउन मद्दत गर्दछ । त्यहि भएर खेल क्षेत्रमा लगानी गरेर आ आफना पालिकालाई चिनाउनेमा उद्दार हुन आवश्यक छ ।

पत्रकार सम्मेलनमा प्रतियोगितामा पहिलो र द्धितिय हुने टिमले पाउने शिल्डको अनावरण समेत गरिएको छ । क्रिकेट संघ महोत्तरीका अध्यक्ष र ौशन सिंह र नेपाल पत्रकार महासंघ महोत्तरी शाखा अध्यक्ष महेशकुमार दासले संयुक्त रुपमा शिल्ड अनावरण गर्नु भएको थियो ।

# प्याब्सनको मधेस प्रदेश कमिटीको अध्यक्षमा गणेश साह निर्वाचित

**खबर दर्पण समाचारदाता**
**माघ २७ गते, जनकपुरधाम**

निजी तथा आवासीय विद्यालय संगठन नेपाल (प्याब्सन) मधेश प्रदेश समितिको अध्यक्षमा गणेशकुमार साह निर्वाचित भएका छन् ।

शनिबार धनुषाको लालगढमा प्याब्सन मधेश प्रदेशको चौथो अधिबेशनबाट अध्यक्षमा साह सर्वसम्मत निर्वाचित भएका हुन् । उनी धनुषाको क्षीरेश्वर नाथ नगरपालिका स्थित गंगोत्री बोर्डिङ स्कुलका सञ्चालक छन् ।

यस्तै वरिष्ठ उपाध्यक्षमा वीरेन्द्र ठाकुर (रौतहट), उपाध्यक्षमा अरुण देव (सप्तरी) र पुरण प्रधान ( पर्सा) निर्वाचित भएका छन् । सचिवमा लालबाबु राय (सिरहा), कोषाध्यक्षमा उज्जवल शर्मा ( सर्लाही) र सहसचिवमा सिहेश्वर पासवान (सिरहा) निर्वाचित भएको प्याब्सनका केन्द्रिय सदस्य नरेन्द्र शर्माले जानकारी दिए । सदस्यहरुमा रामवरण यादव, पुरुषोत्तम बुढाथोकी, शिवचरण साह, पूर्णबहादुर लामा निर्वाचित भएका हुन् । ११ सदस्यमा प्रदेश समितिमा सहकोषाध्यक्ष र तीन मनोनीत पछि गरिने छ ।

प्याब्सनको उदघाटन सत्र उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गरेका थिए ।

मन्त्री पौडेलले नेपाललाई शिक्षाको हब बनाउन सकिने बताए । 'देशभित्र राम्रो शिक्षाको ग्यारेन्टी मात्रै गर्ने होइन । विदेशबाट विदेशी विद्यार्थीहरु अध्ययनका निम्ति नेपालमा आउने परिस्थिति निर्माण गर्न सक्छौं,' उनले भने ।

# महोत्तरीमा बस दुर्घटनामा ३० जना घाइते

**खबर दर्पण समाचारदाता**
**माघ २७ गते, बर्दिवास**

महोत्तरीमा आइतबार दिउँसो यात्रुवाहक बस दुर्घटनामा हुँदा ३० जना घाइते भएका छन् । पूर्वपश्चिम राजमार्ग अन्तरगत टुटेश्वर जंगलमा बस दुर्घटनामा परेको महोत्तरी प्रहरीले जनाएको छ ।

जनकपुरबाट बरथहवाका लागि छुटेको ना ५ ख २८५१ नम्बर को बस दुर्घटनामा परेको महोत्तरी प्रहरीका निमित्त प्रवक्ता नन्दकिशोर चौहानले बताए । उनका अनुसार महोत्तरीको पूर्वपश्चिम राजमार्गको महोत्तरीको माइस्थानबाट तीन किलोमिटर पश्चिमतिरको जंगलमा बस अनियन्त्रित भई दुर्घटना भएको हो ।

बस दुर्घटनामा घाइतेमध्ये ६ जनाको अवस्था मध्यम तथा अन्यको अवस्था सामान्य रहेको चौहानले बताए । घाइतेहरूलाई उपचारका लागि बर्दिबास लगिएको छ । प्रहरीका अनुसार बसमा कुल ४० जना सवार थिए । प्रहरीले बस चालकलाई पक्राउ गरी घटनाबारे आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।




**१० वर्षदेखि १४ वर्ष उमेर समूहका बालिकाहरुलाई आफ्नो नजिकको खोप केन्द्रमा ल्याऔं**

**एच पी.भि. खोप अभियानको सञ्चालन हुने पहिलो र दोस्रो चरणको नामावली**

| पहिलो चरण (माघ २३ देखि २९ गते सम्म) | दोस्रो चरण(फागुन १ देखि ५ गतेसम्म) |
|---|---|
| जनकपुरधाम उपमहानगरपालिका | कमला नगरपालिका |
| मुखियापट्टी मुसहरनियाँ गाउँपालिका | जनकनन्दनी गाउँपालिका |
| नगराईन नगरपालिका | विदेह नगरपालिका |
| लक्ष्मीनियाँ गाउँपालिका | औरही गाउँपालिका |
| क्षिरेश्वरनाथ नगरपालिका | सबैला नगरपालिका |
| हँसपुर नगरपालिका | मिथिला बिहारी नगरपालिका |
| बटेश्वर गाँ | सहिदनगर नगरपालिका |
| मिथिला नगरपालिका | धनुषाधाम नगरपालिका |
| गणेशमान चारनाथ नगरपालिका | धनौजी गाउँपालिका |

**स्वास्थ्य कार्यालय, धनुषा**

खोप निशुल्क पाइन्छ | खोप सुरक्षित हुन्छ | खोपले जीवन रक्षा गर्छ

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बढ्धार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सामाजिक न्यायका लागि भूमिको न्यायोचित वितरण



गुञ्ज बहादुर खड्का

जमीन प्रकृतिले नै उपलब्ध गराएको मान्छे तथा पृथ्वीका सबै जीवका लागि अनुपम एवम् सुन्दर उपहार हो, जसले पृथ्वीमा सबै प्राणीलाई बाँच्न र गरिखान सम्भव बनाएको छ । जमीन सबैका लागि आवश्यक पर्ने महत्वपूर्ण विषय हो, प्रकृतिका यावत् जीवजन्तुको आश्रयस्थल र जीविकोपार्जनको मुल आधार पनि हो । मानिस जन्मेपछि बामे सर्ने, घस्रने, खुट्टा टेक्ने, खेल्ने र बाँच्नको लागि श्रम गर्ने थलो भूमि नै हो । त्यस्तै, गाँस, बास र कपास मानव जीवनको प्राथमिक र आधारभूत आवश्यकता हुन् । यी आवश्यकताको पूर्तिको स्रोत भूमि नै हो । भूमि स्रोतबाट प्राप्त लाभको न्यायिक वितरणको लागि पनि भूमिमा पहूँच हुनु पहिलो र अनिवार्य सर्त हो । यो हाम्रो देशको संविधानद्धारा सुनिश्चित गरिएको मौलिक अधिकार पनि हो । यसै सन्दर्भमा भूमिमा भूमिहीनहरुको पहूँच पुऱ्याउन सरकारले विगतदेखि नै विभिन्न आयोगहरु गठन गरी जमीन वितरण गर्ने कार्य गर्दै ती समुदायलाई न्याय गर्ने प्रयास गर्दै आएको देखिन्छ ।

राज्यबाट भूमिहीन सुकुम्बासीहरुलाई जग्गा वितरणको सन्दर्भ हेर्दा प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन, २०१३ अन्तर्गत राप्ती दुन क्षेत्रको जमीन वितरण नियम २०१३ जारी हुनुलाई पहिलो कानूनी प्रयास मान्न सकिन्छ । यो ऐन बनेपछि जमीन वितरण कार्य शुरु भएको कार्य वन क्षेत्र सुदृढीकरण आयोग, क्षेत्रीय बसोबास आयोग हुँदै २०४६ सालको परिवर्तनपछि सुकुम्बासी समस्या समाधान आयोगको नामले आयोगहरु गठन भई जमीन वितरण सम्बन्धी कार्यहरु गर्दै आएको पाईन्छ ।

सुकुम्बासी समस्या हल गर्ने क्रममा अर्को महत्वपूर्ण कार्य पुर्नवास कम्पनीको स्थापना पनि देखिन्छ । नेपाल पुर्नवास कम्पनी वि.सं.२०२१ सालमा स्थापना गरी इजरायली सरकारको सहयोगमा तराईमा योजनाबद्ध पुर्नवास कार्यक्रम लागू गरेको देखिन्छ। उक्त पुर्नवास कम्पनी मार्फत नवलपरासी जिल्लाको राप्ती उपत्यकामा पहिलो योजनाबद्ध पुर्नवास कार्यक्रम शुरु गरी पूर्व झापादेखि पश्चिम कञ्चनपुरसम्म बसोबास कार्यक्रम सञ्चालन र विस्तार गरिएको थियो । यसमा भूमि सम्बन्धी ऐन २०२१ को व्यवस्था पनि अर्को महत्वपूर्ण कदम हो ।

सरकारले जमीनको अभावमा जीवन निर्वाहको समस्या भोगिर हेका सर्वसाधारणलाई कनूनीरुपमा जमीन वितरणको कार्य शुरु गरेपछि विभिन्न समयमा विभिन्न आयोगमार्फत जमीन वितरण कको कार्यलाई निरन्तरता दिदैं समस्या समाधानको प्रयास गरेको देखिन्छ। पुर्नवास कम्पनी कम्पनीपछि पञ्चायतकाल मै श्री ५ को सरकारले खासगरी तराई र भित्री मधेशका जिल्लाहरुमा क्षेत्रीय बसोबास समिति, अञ्चल बसोबास समिति, वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न आयोग समिति लगायत अन्य कतिपय नामबाट अस्थायी किसिमका निकायहरु गठन गरेको देखिन्छ। ती आयोग तथा समितिहरुले सुकुम्बासी छानबीन, पहिचान तथा बसोबास गरेको क्षेत्र (खासगरी वन क्षेत्र) पहिचान गर्ने गर्ने छुट्याउने र सो जग्गा तिनीहरुको नाममा दर्ता गरी दिने गरी कानूनी अधिकार दिइएको थियो । लक्षित वर्गप्रतिको राजनैतिक प्रतिबद्धता र सही तथ्याÃ को अभावले गर्दा ती निकायहरुले सुकुम्बासीको नाममा जग्गा वितरण र दर्ता गरेपनि अप्रत्यक्ष र घुमाउरो पारामा वास्तविक सुकुम्बासीको हातबाट सो जग्गा गैर सुकुम्बासीको हातमा पर्न गएकोले सुकुम्बासी पुनः सुकुम्बासी हुन पुगेको विगत पाईन्छ ।

२०४६ को ऐतिहासिक जनआन्दोलनबाट प्रजातन्त्रको पुनस्थापनापछि गठित अन्तरिम सरकारले २०४७ सालमा द्रोण प्रसाद आचार्यको अध्यक्षतामा गठन गरेको वन संरक्षण कार्यदलले पेश गरेको सुझाव र सोही सुझावलाई आधार मानी आवास तथा भौतिक योजना मन्त्रालयका सचिवको संयोजकत्वमा गठित समितिले पेश गरेको प्रतिवेदनमा वन जंगलको संरक्षण, बृद्धि र विस्तारका लागि सुकुम्बासीको व्यवहारिक एवम् ठोस समाधान गर्नुपर्ने सुझाव पनि दिएको थियो । यसै सुझावका आधारमा सुकुम्बासी समस्या समाधान आयोग वा यस्तै नामका संरचना मार्फत सुकुम्बासी समस्या समाधान गर्ने प्रयास थालेको देखिन्छ। यसै सिलसिलामा सर्वप्रथम श्री ५ को सरकारले २०४७ चैत १८ गते निर्णय गरेर तत्कालिन आवास तथा भौतिक योजना मन्त्रीज्यूको अध्यक्षतामा सुकुम्बासी समस्या समाधान सम्बन्धी केन्द्रीय समन्वय समिति गठन गरी सो समितिलाई सुकुम्बासी समस्याको अध्ययन र निराकरणको योजना बनाउने कार्यादेश दिइएको थियो । यसै पृष्ठभूमिमा वि.सं.२०४८ को आमचुनावमा नेपाली कांग्रेस विजय भई सरकार बनाएपछि उक्त नवगठित सरकारले प्रतिपक्षसित समेतको छलफलपछि वि.सं.२०४८ मङ्सिर ९ गतेका दिन निर्णय गरेर आवास तथा भौतिक योजना मन्त्री मा.बलबहादुर राईको अध्यक्षतामा सुकम्बासी समस्या समाधान आयोग गठन गरेर काम थालनी गरेको थियो । यस आयोगले वास्तविक सुकुम्बासी छानबिन गरी जग्गा वितरण र दर्ता गर्ने नीतिगत निर्णय लिएपनि यस आयोगले कुनै जग्गा वितरण सम्बन्धि कुनै काम गर्न सकेन् ।फेरि सरकारले वि.सं.२०४९ पुष १ गतेका दिन निर्णय गरेर माननीय सांसद शैलजा आचार्यको अध्यक्षतामा आयोग बनायो । यस आयोगले २ लाख ६३ हजार ७३८ परिवारको लगत संकलन गर ेको थियो । संकलित लगतमा ५४ हजार १७० परिवारको छानबिन र पहिचान गरी १० हजार २७८ सुकुम्बासी परिवारलाई बसोबासको अस्थायी निस्सा दिएको र अस्थायी निस्सा दिएकोमध्ये १ हजार २७८ सुकुम्बासी परिवारलाई जग्गा उपलब्ध गराई दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा वितरण गरेको देखिन्छ । वि.सं. २०५१ सालको मध्यावधी चुनावबाट नेकपा (एमाले) सरकारमा आएपछि वि.सं. २०५१ साल मङ्सिर २९ गतेमा ऋषिराम लुम्सालीको अध्यक्षतामा आयोग बनाएको थियो । यस आयोगले २४ हजार ४७० सुकुम्बासी, २४ हजार ५२ अव्यवस्थित, १९५ कमैया परिवार, ३ हजार ३०२ बाढीपहिरो पीडित परिवार र विवरण नखुलेको ६ हजार ३२१ गरी जम्मा ५८ हजार ३४० परिवारलाई जग्गा वितरण गरेको थियो । त्यस्तै २०५२ पुस २० मा भूमिसुधार तथा व्यवस्था मन्त्री माननीय बुद्धिमान तामाङ, २०५४ जेठ २१ मा चन्दा शाह, पुनः २०५४ मा भूमिसुधार तथा व्यवस्था मन्त्री माननीय बुद्धिमान तामाङ, २०५५ असार १ गते तारिणी दत्त चटौत, २०५६ मङ्सिर १६ मा भूमि सुधार तथा व्यवस्था र ाज्यमन्त्री माननीय गंगाधर लम्साल र मन्त्री फेरिने क्रमसँगै मन्त्री सिद्धराज ओझा र राज्यमन्त्री अफताब आलमको अध्यक्षतामा, २०६३ कैलाश महतो, २०६६ मङ्सिर २४ मा गोपालमणी गौतम, २०६८ मङ्सिर २० मा भक्ति प्रसाद लामिछाने, २०७१ असार २ मा शारदा प्रसाद सुबेदी, २०७३ चैत ८ मा भूमि सुधार तथा व्यवस्था मन्त्री राज्यमन्त्रीको अध्यक्षतामा आयोगहरु बनेको देखिन्छ । यसरी आयोग गठन र सरकार परिवर्तनसँगै विघटनको सिलसिला सुरु भएको थियो । वि.सं.२०४६ सालको राजनीतिक परिवर्तनपछि गठित विभिन्न आयोगहरुमध्ये कुनैले जग्गा वितरण गरे भने कुनैले गरेनन् ।

विगतका आयोगहरु सरकारको निर्णय अनुसार गठन भएका र आयोग गठन गर्ने सम्बन्धी कानूनी आधार नभएको भनी प्रश्न उठ्ने गरेको सन्दर्भलाई समेत विचार गरेर संविधान प्रदत्त अधिकार का आधारमा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि आयोग गठन गर्न सक्ने गरी भूमि सम्बन्धी ऐन, २०२१ को आठौं संशोधन (२०७६।१०।२८ मा प्रमाणीकरण) गर्ने काम भयो। संशोधित ऐनमा भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीको पहिचान गरी लगत लिने, जग्गाको पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र प्रमाण संकलन गरी निजहरुलाई जग्गा उपलब्ध गराउने, जग्गा उपलब्ध गराउँदाका सर्तहरु, उपलब्ध गराउन नहुने जग्गाहरु, ऐन प्रारम्भ हुनु अघि गठन भएका विभिन्न आयोग वा कार्यदलले वितरण गरेका जग्गाहरुको स्वामित्व वा दर्ता स्रेस्ता वा नक्सा प्रमाणित लगायतका विषयमा देखिएका समस्याहरुको समेत समाधान गर्ने, उपलब्ध गराइने जग्गाको क्षेत्रफल लगायतको प्रष्ट व्यवस्था गरिएको छ । भूमिहीन र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याÃ संकलन गर्न आयोगले सम्बन्धित स्थानीय तहमा पठाउने, स्थानीय तहको वडा समितिले विवरण तथा तथ्याÃ संकलन र त्यसको सत्यताको जाँचबुझ गरी स्वीकृतिको लागि स्थानीय तहको कार्यपालिका समक्ष पेश गर्ने र कार्यपालिकाले आवश्यक जाँचबुझ गर्दा स्वीकृत गर्न उपयुक्त देखिएमा निर्णय गरी आयोगमा पठाउने व्यवस्था गरेको छ । प्रस्तुत व्यवस्थाले स्थानीय तहलाई जिम्मेवार र जवाफदेही बनाएको छ । आयोग गठन गर्न सक्ने उल्लिखित कानूनी प्रावधान बमोजिम नेपाल सरकारले २०७६ चैत ९ को निर्णय अनुसार देवी प्रसाद ज्ञवालीको अध्यक्षतामा भूमि सम्बन्धी समस्या सामाधान आयोग गठन गरेको थियो । विगतका आयोगहरुले जग्गा उपलब्ध गराउँदा जग्गाको पहिचान र नाप जाँच नै नभएको, नक्सा स्रेस्ता कायम नभएको, संवेदनशील र जोखिम क्षेत्रमा जग्गा उपलब्ध गराएको, बसोबास एउटाको जग्गा अर्कैको नाममा अनधिकृतरुपमा जग्गा उपलब्ध गराएको, जग्गा पाउनेको अभिलेख नै नभएको लगायतका कमी कमजोरीहरु रहेका थिए । उल्लिखित कमी कमजोरीहरु दोहोरिन नदिनको लागि कार्यविधिहरु तर्जुमा गरी लागू गरेको थियो । आयोगले अर्को महत्वपूर्ण काम प्रणालीको विकास गरेको थियो, जसमा स्थानीय तहबाट प्राप्त तथ्याÃ को प्रविष्टि, अव्यवस्थित बसोबासीहरुको वर्गीकरण, मुल्य निर्धारण, वडागत र पलिकास्तरको प्रतिवेदन, फिल्डबुक, स्रेस्ता, पुर्जा आदि तयार गर्न सकिनुका साथै संकलन गरिएका सबै सूचनाहरु आयोगको कम्प्युटर मा सुरक्षित रहने व्यवस्था रहेको छ । सरकार परिवर्तनसँगै ज्ञवाली आयोग २०७८ साउन १९ मा विघटन भएपछि २०७८ भदौ २५ मा केशव निरौलाको अध्यक्षतामा राष्ट्रिय भूमि आयोग गठन भएको थियो । निरौला आयोग पनि सरकार परिवर्तनसँगै २०८० चैत ८ मा विघटन भएको थियो । निरौला आयोग विघटनपछि २०८१ कात्तिक १३ मा फेरि हरि प्रसाद रिजालको अध्यक्षतामा भूमि समस्या समाधान आयोग बनेको छ । आयोगमा भएको अभिलेखमा जम्मा ७२८ तहसँग सम्झौता सम्पन्न भएको छ । त्यस्तै, आयोगको कम्प्युटरमा प्रविष्ट भएको भूमिहीन दलित परिवारहरु ८६ हजार ४ सय ८२, भूमिहीन सुकुम्बासी परिवारहरु १ लाख ६४ हजार २ सय ९३ र अव्यस्थित बसोबासी परिवार हरुको ८ लाख ३४ हजार ४ सय ७० गरी जम्मा १० लाख ८५ हजार २ सय ४५ घरपरिवारहरुको र अधुरो कार्यको ८६ हजार ४ सय घरपरिवारहरु अभिलेख रहेको छ । यसैलाई आधार मानेर आयोगले काम अगाडि बढाएको छ । सरकारले आयोगका जिल्ला समितिका अध्यक्षहरुको मनोनयन गरेको छ भने जिल्ला समिति सदस्यहरुको मनोनयन भईनसेको कारणले जिल्ला समितिले अझै पूर्णता पाउन नसकेको अवस्था छ ।

तसर्थ संविधान प्रदत्त अधिकार कार्यान्वयनका लागि पनि समय लम्बिरहेको अवस्थालाई मध्यनजर गरी यस पटक तोकिएको समयसीमाभित्र नै भूमिहीन समस्या समाधान गर्ने लक्ष्य सरकार ले लिएर सरकारले भूमि समस्या समधान आयोग बनाएको छ । यो आयोगले कार्यलाई सहज बनाउनको लागि विगतमा आयोगले के कस्ता कार्यहरु गर्न सक्षम भए के चुनौतीहरु त्यसको मिहिन समीक्षाका आधारमा यो आयोगले स्पष्ट लक्ष्य तय गरेर कार्ययोजना बनाएर काम शुरुवात गरेको छ ।

अहिले गठन भएको आयोगले काम गर्न सकेन भने आयोगको मात्र असफलता हुँदैन् । यो समस्या समाधान भएन भने सबैभन्दा बढी भूमिहीन दलित, भूमिहीन सुकुम्बसी अनि अव्यवस्थित बसोबासीलाई अन्याय हुन पुग्दछ । नेपालमा लाखौं भूमिहीन र गरिबका समस्याका उपयुक्त समाधान हुन अपरिहार्य छ। न्यायपूर्ण भूमि वितरणबाट त्यो विभेदको अन्त्य र सामाजिक न्याय सुनिश्चितताका लागि महत्वपूर्ण अवसर समयले अहिलेको सरकार, राजनीतिक नेतृत्व र भूमि समस्या समाधान आयोगलाई दिएको छ । समयले सुम्पेको यो महत्वपूर्ण कार्यभार पुरा गर्नैपर्छ । भूमीहीन सुकुम्बासीहरुको मुद्दा भनेको अत्यन्त भूइँतहका कमजोर वर्गको आवाज नभएकाहरुको आवाजसँग सम्बन्धित मुद्दा हो । आवाजबिहीन र सामाजिक न्यायको पर्खाईमा बसीरहेकाहरुलाई न्याय गर्ने एक न्यायोचित कदमका रुपमा यसलाई लिएर स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारको सहयोग र समन्वयमा सबै सरोकारवालाहरुको सहकार्यमा जिम्मेवार ढंगले अभियानको रुपमा आयोगले काम गर्नुपर्दछ ।

भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरु कतिपय वैधानिकताको अभावमा राज्यका सेवा सुविधाहरुबाट बञ्चित भएका र कतिबेला उठीबास हुने हो भनी अनिश्चय र त्रासमा बाँच्नु परेको अवस्था रहेको छ। प्राकृतिक प्रकोपको उच्च जोखिममा यिनै बसोबासीहरु रहेका छन् । जोखिमहरुलाई न्यूनिकरण तथा व्यवस्थापन गर्नको लागि राज्यले लगानी गर्न समेत अप्ठारो अवस्था रहेको छ। राज्यको औपचारिक लगतमा समावेश नभएका कारण त्यस्ता क्षेत्रबाट राज्यले कर प्राप्त गर्न सकेको छैन । बसोबासी आफूले उपयोग गरेको जग्गा बैकिङ्ग प्रणालीमार्फत आर्थिक उन्नयनमा उपयोग गर्न नसक्दा त्यस्तो बसोबास क्षेत्र अनुत्पादक क्षेत्रको रुपमा नै रहनेछ । सुकुम्बासी र अव्यवस्थितहरुलाई हेला वा हेयका दृष्टिले हेर्ने सामाजिक परम्परा कायम रहनेछ, यसले सामाजिक अन्यायलाई प्रश्रय दिनेछ । समस्याको थप विस्तार भई सरकारी तथा सार्वजनिक जग्गा र वन क्षेत्र थप दबाबमा पर्ने देखिन्छ। यसले अझ सामाजिक असमानता र आर्थिक विपन्नता विकास गर्दछ ।

लाखौं गरिब भूमिहीन सुकुम्बासीहरुको समस्याको उपयुक्त सम्बोधन लामो समयदेखि ईतिहासको लामो कालखण्डमा हुन सकेन र भूमिहीन सुकुम्बासीहरु बरु उल्टै होचोहेलाको विषय बनाइँदै आएको छ। समस्यालाई समाधान गर्नेभन्दा पनि राजनीतिक लाभ र हानिका दाउपेचका रुपमा यसलाई लिइएको विगत पाईन्छ । भूमि वितरणको काम ख्याल ख्याल र प्रयोगको विषय पनि हुँदै होईन । हजारौं भूमिहीन सुकुम्बासी तथा विपन्न गरिबहरु जमीन प्राप्तीका लागि दशकौंदेखि आशामा बाँचिरहेका छन् । अन्याय विभेद असमानतामा बाँच्न विवश लाखौं गरिब जनताका निमित्त भूमि जीविका, पहिचान र न्यायको विषय हो । यसकारण न्यायोचितरुपमा कानूनसम्मत ढंगले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी परिवारहरुलाई जग्गा उपलब्ध गराउँनु पर्दछ । यसले ती परिवारहरुलाई त फाइदा हुन्छ र उल्लिखित समस्याहरु समाधान भई सिङ्गो समाज र देशलाई पनि यसबाट फाईदा हुन्छ ।

(लेखक भूमि समस्या समधान आयोगका केन्द्रिय सदस्य हुन ।)

# जनकपुरका चारवटा अस्पतालले ताला लगाउँदै बुझाए मुख्यमन्त्रीलाई चाबी



**खबर दर्पण समाचारदाता**

**माघ २७ गते, जनकपुरधाम**

मधेश प्रदेशको राजधानी जनकपुरधाममा मापदण्ड तथा कानुनविपरीत सञ्चालित चार अस्पतालले मुख्यमन्त्रीलाई चाबी बुझाएका छन्।

स्थानीय निकाय तथा प्रदेश सरकारमा दर्ता नभएका, नियमित नवीकरण नभएका, नियमित प्रक्रिया पुरा नगरेका तथा कानूनी प्रक्रिया पुरा नगरेका जनकपुर धाम चारवटा निजी अस्पतालले मुख्यमन्त्रीलाई अस्पताल बन्द गरी चाबी बुझाएका हुन्।

यसरी अस्पतालमा ताला लगाएर चाबी बुझाउनेमा सिता हस्पिटल, मुस्कान अस्पताल, अरमान हस्पिटल र बिएन हस्पिटल एण्ड रिसर्च सेन्टरले रहेको मुख्यमन्त्री कार्यालयले जनाएकोछ।

मुख्यमन्त्रीले सतिष कुमार सिंहले शनिबार बिहानदेखि थालेको अनुगमनमा २० वटा अस्पताल अनुगमन गरेकोमा १९ वटाले नियमित कानुनी प्रक्रिया नपुऱ्याएको पाइएपछि अस्पतालमा भएका बिरामीलाई तत्काल सिफ्ट गरी २४ घण्टाभित्र ताला लगाउन निर्देशन दिएको थियो।

मुख्यमन्त्रीको निर्देशनपछि अवैधानिक रूपमा सञ्चालित अस्पतालहरूले बिरामीको उपचारात्मक व्यवस्था गरी ताला लगाएर मुख्यमन्त्री कार्यालयमा चाबी बुझाएको हो।

शनिबार बिहानदेखि मुख्यमन्त्री सिंहले प्रमुख सचिव मदन भुजेल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. राजिव मिश्रा, डा. सन्तोष ठाकुर लगायतको टोलीले जनकपुरधाम उप-महानगरपालिका भित्रका २० अस्पतालको अनुगमन तथा कागजात चेकजाँच गरेका थिए। जसमध्ये जीवन ज्योति हस्पिटल एण्ड रिसर्च सेन्टर, बिएन हस्पिटल एण्ड रिसर्च सेन्टर, जनकपुर ग्राण्डी हस्पिटल, साइन मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर, राम मेमोरियल हस्पिटल, समर हस्पिटल अवैध रूपमा सञ्चालित रहेको पाइएको थियो।

यसैगरी केयर मेडिकल सेन्टर, नेपाल अपोलो हस्पिटल, मिथिला केयर क्लिनिक, जनकपुर मोर्डन हस्पिटल एण्ड रिसर्च सेन्टर, माँ गायत्री मेमोरियल हस्पिटल, स्वतिका हेल्थ केयर अस्पताल, लाइफ केयर एण्ड रिसर्च सेन्टर , ओम दिर्घायु हस्पिटल हस्पिटल, अरमान हस्पिटल, नैनाँ हस्पिटल र मिहिला इन्टरनेशनल हस्पिटल लगायतका निजी अस्पतालहरू सरकारी मापदण्डलाई बेवास्ता गरेको भेटिएको थियो।

जनकपुधामको मुस्कान अस्पतालको लापरबाहीले पित्तथैलीको अप्रेसन गरेको एक बिरामीको २० दिनसम्म होस् नआएपछि मुख्यमन्त्री सिंहले निजी अस्पतालको अनुगमन गरेका हुन्।






सूचना ! सूचना !! सूचना !!!

## दरभाउ पत्र(कोटेशन)आव्हान

प्रथम पटक सूचना प्रकाशित मिति २०८१-१०-२८

सामुदायिक विकास तथा पैरवी मन्च नेपाल बर्दिबासले सेभ दि चिल्ड्रेनको साझेदारिमा संन्चालित स्पोन्सरसिप तथा पहँच परियोजना कार्यालय तथा कार्यक्रमको लागि तपशिलममा उल्लेखित सेवा र समाग्रि खरिदको लागि सप्लायर्स आवश्यक्ता रहेकोले ईच्छुक आधिकारिक सप्लायर्सहरुले यस सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र अर्थात मिति २०८१-११-०४ गते दिउँसो ५ बजे भित्रमा आवश्यक कागजपत्र(व्यबसाय दर्ताको प्रमाण पत्र, पान तथा भ्याटको प्रमाण पत्र, आ.व.२०८०-०८१ को करचुक्ताको प्रमाण पत्र) संलग्न गरि तपशिल बमोजिमको हुने गरि दर भाउ पत्र माग गरिएको छ ।तसर्थ ईच्छुक सप्लायर्सहरुले यस संस्थाको निम्नानुसारको सर्म्पक माध्यमबाट दरभाउ पत्र (कोटेशन) निशुल्क प्राप्त गर्न सकिने वा तल दिईएको LINK बाट Download गरि पेश गर्न सकिने व्यहोरा समेत जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**Items of Good/Services**

1. School & office Bag = As per Mention in Quotation (RFQ) Paper.
2. Tarpaulin (Tripal) = As per Mention in Quotation (RFQ) Paper.
3. Community Level (Located at Bardibas, Gausala , Loharpatti, Aurahi & bhangaha Nagarpalika & Gaupalika of Mahottari Distric) Hotel ,khaja Ghar & sweet house = As per Mention in Quotation (RFQ) Paper.
4. Tent service =As per Mention in Quotation (RFQ) Paper.
5. Vehicle hiring = As per Mention in Quotation (RFQ) Paper.

**निम्न:**

सर्म्पक ठेगाना : सामुदायिक विकास तथा पैरवी मंच नेपालको परियोजना कार्यालय बर्दिबास,३ गौरिडाँडा, महोत्तरी

सर्म्पक ईमेल :pc@cdafn.org.np

सर्म्पक नं. : ९८४४४२३९८५, ९८४४०३००९३

**नोट:**

(क) दरभाउ पत्र यस संस्थाको कार्यालयबाट वा pc@cdafn.org.np बाट Request गरि निशुल्क प्राप्त गर्न सकिनेछ ।

(ख) दरभाउ पत्र पेश गर्ने अन्तिम दिन भन्दा १ दिन अगाडि सम्म दरभाउ पत्र उपलव्ध गराईनेछ ।

(ग) दरभाउ पत्र लाहाछाप सहित शिलबन्दि गरि यस संस्थाको कार्यालयमा वा पासवर्ड सहित यस संस्थाको सामाग्रि खरिद तथा व्यबस्थापपन समितिको ईमेल pc@cdafn.org.np बुझाउन सकिनेछ दरभाउ पत्र बुझाउने अन्तिम मितिमा सार्वजानिक विदा परेमा सो दिनको भोलिपल्टको मितिलाई अन्तिम मिति गणना गरिनेछ ।

(घ) रित पुर्वक प्राप्त नभएका, आवश्यक कागजपत्र संलग्न नगरेका र म्याद नाघि प्राप्त भएका दरभाउ पत्र समावेश नगरिने वा मान्य नहुने व्यहोरा समेत यसै सुचना मार्फत सुचित गरिन्छ ।

ङ) रित पुर्वक प्राप्त भएका शिलबन्दी दरभाउ पत्रहरु समाग्रि खरिद तथा व्यबस्थापन समितिको बैठक मति २०८१ फाल्गुण ५ गते तदअनुसार (१७ फेबरि २०२५) तारिख बिहिबारका दिन बिहान ११ बजे सामुदायिक विकास तथा पैरवी मन्च नेपालको परियोजना कार्यालयको तालिम हलमा बसि दरभाउ पत्र खोलिने भएकाले उक्त कार्यक्रममा सप्लायर्सका प्रतिनिधिहरुलाई बैठकमा उपस्थिती तथा सहभागिताको निम्ती यसै सूचना मार्फत हार्दिक अनुरोध गर्न चाहान्छौ ।उक्त कार्यक्रममा सहभागिता तथा उपस्थिती नभए पनि दरभाउ पत्र खोलि प्रकृया अगाढि बढाउन कुनै बाधा-अवरोध नपर्ने व्यहोरा समेत यसै सूचना मार्फत सुचित गरिन्छ ।


**सामाग्रि खरिद तथा व्यबस्थापन समिति**

**सामुदायिक विकास तथा पैरवी मंच नेपाल, बर्दिबास**


# शिरीष अफसेट प्रेस

**बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी**

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प




✓फलेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,